जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर, कैलाली
सुदूर पश्चिम प्रदेश, नेपाल

## एम.आइ.एस.अपरेटर र फिल्ड सहायक सेवा करारमा लिने सम्वन्धी कम्प्यूटर सिप परिक्षण र अन्तर्वाताको मिति संशोधन गरिएको सूचना ।

( सूचना प्रकाशित मिति :- २०७६।०७।२१ )

सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना संचालन गर्न यस गाउँपालिका अन्तर्गत रहने सेवा केन्द्रमा आयोजना अवधिभरका लागि एम.आइ.एस.अपरेटर र फिल्ड सहायक सेवा करारमा लिने प्रयोजनका लागि नेपाल सरकार गृह मन्त्रालयले स्वीकृत गरेको सेवा इकाइको लागि जनशक्ति छनौट सम्वन्धी मापदण्ड, २०७६ मा भएको व्यवस्था बमोजिम राष्ट्रिय परिचय पत्र तथा पंजिकरण विभागले प्रकाशित गरेको अनलाइन दरखास्त आव्हानको सूचना बमोजिम पर्न गएका दरखास्तहरु मध्य मापदण्ड अनुसार विभागले प्रकाशित गरेको संक्षिप्त सूचीमा परेका व्यक्तिहरु मध्य बाट सोही मापदण्डको दफा ८ मा भएको व्यवस्था बमोजिम निजहरुको कम्प्यूटर सीप परीक्षण र अन्तरवार्ताको लागि यस कार्यालयले मिति २०७६।७।४ मा प्रकाशित गरेको सूचना अनुसारको मितिमा विशेषज्ञ समस्याका कारण कम्प्यूटर सिप परिक्षण र अन्तर्वाता संचालन हुन नसक्ने भएकोले उक्त कार्यतालिका संशोधनगरी तपसिलको तालिका बमोजिम कम्प्यूटर सिप परिक्षण र अन्तर्वाता हुने व्यहोरा सम्वन्धीत सवैको जानकारीकोलागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

**१. एम.आइ.एस.कम्प्यूटर अपरेटरका लागि :**

**कम्प्यूटर सिप परिक्षण :**
मिति : २०७६।७।२६ गते ।
समय : विहान ८:०० वजे ।
स्थान : जोशीपुर गाउँपालिका कार्यालय भवन ।

**अन्तर्वाता :**
मिति : २०७६।७।२६ गते ।
समय : दिउसो २:३० वजे ।
स्थान : जोशीपुर गाउँपालिका कार्यालय भवन ।

**२. फिल्ड सहायकको लागि :**

**अन्तर्वाता :**
मिति : २०७६।७।२६ गते ।
समय : दिउसो ३:०० वजे ।
स्थान : जोशीपुर गाउँपालिका कार्यालय भवन ।

२०७६।०७।२१

कमल राज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत